29th of Nov 2025

यो आकाशवाणी हो

मुख्य समाचारहरुबाट

- प्रधानमन्त्री मोदी छत्तीसगढ़मा पुलिस सम्मेलनको अध्यक्षता गर्दै
- पश्चिम बंगालमा मतदाता सूचीको SIR प्रक्रियामा 15 लाखभन्दा बढी मृतक मतदाता पहिचान
- निर्वाचन आयोगको सबै नागरिकलाई ECInet एप डाउनलोड गर्न अपिल
- प्रधानमन्त्रीले भोलि बिहान 11 बजे आकाशवाणीमार्फत 'मन की बात' कार्यक्रममा देश–विदेशका श्रोतासँग आफ्ना विचार साझा गर्नुहुने
- अस्ट्रेलियाका विमानस्थलहरूमा अफरा-तफरी : A-320 विमानहरू ग्राउन्ड, करिब 90-वटा उडान रद्द वा ढिला

समाचार विस्तारमा

प्रधानमन्त्री मोदी छत्तीसगढ़मा पुलिस सम्मेलनको अध्यक्षता गर्दै

प्रधानमन्त्री नरेन्द्र मोदी आज छत्तीसगढ़मा आयोजित पुलिस महानिरीक्षक र महानिर्देश-को-60औँ अखिल भारतीय सम्मेलनको अध्यक्षता गर्नुहुँदै छ। प्रधानमन्त्री मोदीले आज र भोलि सम्मेलनअन्तर्गत तय भएका विभिन्न सत्रहरूमा सक्रिय रूपमा भाग लिने कार्यक्रम रहेको छ। नवा रायपुरस्थित भारतीय व्यवस्थापन संस्थानमा तीन दिनसम्म चल्ने यो सम्मेलन हिजोदेखि सुरु भएको हो। यसअघि केंद्रीय गृहमन्त्री अमित शाहले सम्मेलनको उद्घाटन गर्दै भन्नुभएको थियो....

पश्चिम बंगालमा मतदाता सूचीको SIR प्रक्रियामा 15 लाखभन्दा बढी मृतक मतदाता पहिचान

पश्चिम बंगालमा मतदाता नामावलीको विशेष गहन पुनरीक्षण (SIR) जारी रहँदा हालसम्म लगभग  15 लाख 53 हजार मृतक मतदाताका नामहरू पहिचान गरिएको छ। साथै 6 लाख 45 हजार गणनापत्र डिजिटल रूपान्तरण गरिएका छन् र 7लाख पैसठ हजार गणनापत्र मतदाताहरूलाई वितरण गरिएका छन्।

यसैक्रममा, राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले आज SIR सम्बन्धी प्रगतिमूलक भर्चुअल समीक्षा बैठकको अध्यक्षता गर्नुभयो,जहाँ राज्यका सबै जिल्ला निर्वाचन अधिकारीहरू सहभागी भए।

निर्वाचन आयोगले पश्चिम बंगालका पुलिस महानिर्देशकलाई ब्लकस्तरका अधिकारी (BLO) तथा SIR मा संलग्न कर्मचारीको सुरक्षाको व्यवस्था सुनिश्चित गर्न निर्देशन दिएको छ।
साथै आयोगले कोलकाता पुलिस आयुक्तसँग पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी तथा उहाका कार्यालयका कर्मचारीहरूको सुरक्षासम्बन्धी विस्तृत प्रतिवेदन मागेको छ।

यो कदम यसै हप्ता कोलकातामा मुख्य निर्वाचन अधिकारीको कार्यालय बाहिर BLO हरूले गरेको विरोध प्रदर्शनपछि उठाइएको हो। यस बीच, SIR प्रक्रियाका बीच राज्य सीमाबाट बंगलादेशी आप्रवासीहरू भारत छोडेर फर्किंदै गएको समाचार सार्वजनिक भएका छन्। भारतीय जनता पार्टी (भाजपा) ले तृणमूल कांग्रेसमाथि निर्वाचन आयोगसँग आवश्यक सहयोग नगरेको आरोप लगाएको छ। भाजपा नेता सुवेन्दु अधिकारीका अनुसार राज्य सरकार,अनियमितता र धोखाधडीमा संलग्न छ, र तृणमूल कांग्रेसले मतदाता नामावलीमा बंगलादेशी घुसपैठीका नामहरू सूक्ष्म रूपमा समावेश गराउने प्रयास गरिरहेको दाबी गरिएको छ।

ECInet

निर्वाचन आयोगले सबै नागरिकलाई ECInet एप डाउनलोड गर्न र यसलाई अझ बढी प्रयोगकर्ता–मैत्री बनाउन सुझाव दिन अनुरोध गरेको छ। नागरिकहरूले आगामी महिना 27 तारीख-सम्म एपमा रहेको 'सबमिट ए सजेशन' ट्याबमार्फत आफ्ना सुझाव पठाउन सक्नेछन्। आयोगका अनुसार प्राप्त सुझावहरूको समीक्षा गरी प्लेटफर्ममा आवश्यक सुधारहरू लागू गरिनेछन्।

ECInet प्लेटफर्मको औपचारिक शुभारम्भ जनवरी 2026 मा गर्ने योजना छ। आयोगले जनाएकोअनुसार एपको परीक्षण संस्करण बिहार विधान सभा निर्वाचन 2025 तथा हालै सम्पन्न उपनिर्वाचनहरूमा सफलतापूर्वक प्रयोग गरिएको थियो। यस डिजिटल प्लेटफर्मले मतदातासम्बन्धी सेवाहरूलाई सहज बनाउँदै मतदान प्रतिशतका रुझानहरू तुरुन्त उपलब्ध गराउने तथा मतदान सम्पन्न भएको 72 घण्टाभित्र इंडेक्स कार्ड प्रकाशन गर्ने सुविधा प्रदान गरेको छ—पहिले जसमा हप्तौँ वा महिनौँ लाग्ने गर्थ्यो।

आयोगले जनाएको छ कि बिहार निर्वाचनबाट प्राप्त डाटा तथा मुख्य निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारी, पर्यवेक्षक र अन्य क्षेत्रीय अधिकारीहरूबाट प्राप्त फिडब्याकलाई समेत समेटेर प्लेटफर्मलाई अझ प्रभावकारी बनाइँदैछ।
ECInet एप नागरिकका लागि एकीकृत एकल प्रणाली हो, जसले पहिले छुट्टाछुट्टै सञ्चालनमा रहेका 40 वटा निर्वाचनसम्बन्धी एप तथा वेबसाइटलाई एकै स्थानमा एकीकृत गरेको छ।

मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान 11 बजे आकाशवाणीमार्फत 'मन की बात' कार्यक्रममा देश–विदेशका श्रोतासँग आफ्ना विचार साझा गर्नुहुने छ। यो मासिक रेडियो कार्यक्रमको 128-औँ संस्करण हुनेछ।

कार्यक्रमको प्रसारण आकाशवाणी र दूरदर्शनका सम्पूर्ण नेटवर्कसहित आकाशवाणी समाचारको वेबसाइट र NewsOnAir मोबाइल एपमा गरिनेछ। यसको प्रत्यक्ष प्रसारण आकाशवाणी समाचार, डीडी न्यूज, प्रधानमन्त्री कार्यालय तथा सूचना–प्रसारण मन्त्रालयका आधिकारिक युट्युब च्यानलहरूबाट पनि उपलब्ध हुनेछ। हिन्दी प्रसारण समाप्त भएपछि आकाशवाणीले यस कार्यक्रमलाई क्षेत्रीय भाषाहरूमा पनि प्रसारण गर्नेछ।

सीमा सुरक्ष बलको स्थापनाको 60 वर्ष पुरा

जम्मु–कश्मीरमा सीमा सुरक्षाबल (BSF) जम्मु फ्रन्टियरका महानिरीक्षक शशांक आनंदले BSF स्थापना भएको 60 वर्ष पूरा भएको अवसरमा आज पलौरा क्याम्प, जम्मुमा आयोजित वार्षिक पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुभयो।
आफ्नो सम्बोधनमा उहाले सीमा सुरक्षामा BSF को योगदान र आतंकवादविरुद्ध सञ्चालन भइरहेका अभियानहरूमा बलले निभाउँदै आएको महत्वपूर्ण भूमिकाबारे विस्तृत जानकारी दिनुभयो। उहाले पहलगाम आक्रमण र 'अपरेशन सिन्धूर' जस्ता घटनाका क्रममा BSF ले देखाएको साहसिक र प्रभावकारी भूमिकालाई विशेष रूपमा स्मरण गर्नुभयो।
शशांक आनंदले बताए अनुसार, BSF शान्ति, सतर्कता र राष्ट्रिय सुरक्षालाई उच्च व्यावसायिक प्रतिबद्धताका साथ सुरक्षित राख्न निरन्तर समर्पित रहन्छ।

अस्ट्रेलियाका विमानस्थलहरूमा अफरा-तफरी : A-320 विमानहरू ग्राउन्ड, करिब 90-वटा उडान रद्द वा ढिला

अस्ट्रेलियाका सबै विमानस्थलहरूमा आज दिनभर ठूलो अव्यवस्था देखियो। विमान निर्माता कम्पनी एयरबसले आफ्नो नवीनतम सफ्टवेयर स्थिति बारे जानकारी सार्वजनिक गरेपछि यस्तो परिस्थितिको सिर्जना भएको बताइएको छ।

जेटस्टार एयरवेजका A-320 श्रेणीका हजारौँ विमान अस्थायी रूपमा ग्राउन्ड गरिएको कारण यात्रुहरूलाई सम्भावित ढिलाइबारे सचेत गराइएको छ। जेटस्टारका करिब 90 वटा उडान रद्द वा ढिलो भइरहेका छन्। पर्थ विमानस्थलले यात्रुहरूलाई नयाँ अपडेटका लागि आफ्ना एयरलाइन्ससँग प्रत्यक्ष सम्पर्क गर्न आग्रह गरेको छ।

यही बीच, उडानहरू ढिलो हुनु र रद्द हुन थालेपछि यात्रुहरू पहिले नै असहज अवस्थामा थिए, त्यसमाथि विक्टोरियाका मेनबार्न विमानस्थलका एक टर्मिनलमा गएराति लागेको आगलागीले थप भगदडको वातावरण सिर्जना गऱ्यो।

दृष्टिविहीन महिला क्रिकेट टोली

पहिलोपटक टी–20 विश्वकप जित्ने भारतीय दृष्टिविहीन महिला क्रिकेट टोलीले आज राष्ट्रपति द्रौपदी मुर्मुसँग भेटघाट गरेको छ। भेटका अवसरमा टोलीका सदस्यहरूले राष्ट्रपति मुर्मुलाई हस्ताक्षर गरिएको क्रिकेट ब्याट उपहारस्वरूप प्रदान गरे।

राष्ट्रपति मुर्मुले विश्वकप विजयी टोलीलाई बधाइ दिँदै भन्नुभयो की उहाहरूको सफलताले असंख्य युवालाई जीवन र करियरमा नयाँ उचाइ हासिल गर्न प्रेरित गर्नेछ।

मुख्य समाचार फेरि एकपल्ट

- प्रधानमन्त्री मोदी छत्तीसगढ़मा पुलिस सम्मेलनको अध्यक्षता गर्दै
- पश्चिम बंगालमा मतदाता सूचीको SIR प्रक्रियामा 15 लाखभन्दा बढी मृतक मतदाता पहिचान
- निर्वाचन आयोगको सबै नागरिकलाई ECInet एप डाउनलोड गर्न अपिल
- प्रधानमन्त्रीले भोलि बिहान 11 बजे आकाशवाणीमार्फत 'मन की बात' कार्यक्रममा देश–विदेशका श्रोतासँग आफ्ना विचार साझा गर्नुहुने

- अस्ट्रेलियाका विमानस्थलहरूमा अफरा-तफरी : A-320 विमानहरू ग्राउन्ड, लगभग 90-वटा उडान रद्द वा ढिला